Total No. of Printed Pages—5

**X/13/N**

**2 0 1 3**

**NEPALI**

( INDIAN LANGUAGE )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

**1.** थोरै शब्दहरूमा उत्तर देऊ : 1×7=7

(क) हरि र सानी को हुन्?

(ख) हरिले केको फित्कौली बनाएर कसलाई हान्थ्यो?

(ग) बलवीर खड्का कहाँको छाउनीमा कवाज खेलेका थिए?

(घ) सानीको बाबुको मृत्यु कहिले भयो?

(ङ) कति वर्षपछि रत्ना र सानी फर्केर सुबेदारका घर आए?

(च) सानीको दुलहाले कहाँ काम गर्छ?

(छ) 'माइत घर' उपन्यास कसले लेखेका हुन्?

**2.** सानी को हो? सानीलाई सुबेदारनीले किन साह्रै माया गर्थिन्? बुझाएर लेख। 8

**3.** कुनै **दुइ** प्रश्नहरूका उत्तर लेख : 8×2=16

(क) 'नासो' कथामा सुभद्राले आफ्नो प्यारो घर किन छोड्नु पर्‍यो? पाठको आधारमा लेख।

(ख) डा० पारसमणि प्रधानको प्राथमिक शिक्षा कहाँ भएको थियो? पेशाले उहाँ के हुनुहन्थ्यो? उहाँका पुस्तकहरूको प्रचार कहाँ कहाँ भएको छ?

(ग) 'शिक्षाको उद्देश्य' निबन्धमा निबन्धकारले सच्चा शिक्षित व्यक्तिहरू शारीरिक काममा पछि सर्दैनन् भनेका छन्। यस भनाइलाई पुस्तकको आधारमा पुष्टि गर।

(घ) 'चिठी' पाठमा लेखकले आफ्नो छात्रजीवनमा पाएका अनुभव आफ्ना भाइलाई कसरी दर्शाएका छन्? वर्णन गर।

**4.** छोटो उत्तर देऊ : 2×3=6

(क) हरगोविन्द खुरानासँगै अरु क-कसले नोबेल पुरस्कार पाए?

(ख) ज्यादै सुशिक्षित व्यक्ति कसलाई भन्न सकिन्छ?

(ग) 'अल्झेको इच्छा' कथामा बाबुको इच्छा विरुद्ध को उठेको छ? यस पाठका लेखक को हुन्?

**5.** अति संक्षेपमा उत्तर लेख : 1×6=6

(क) नासो भनेको के हो?

(ख) रनेको झगडा कोसित र किन भएको थियो?

(ग) 'चिठी' के हो? —कथा/उपन्यास/निबन्ध/कविता

(घ) शिक्षा के हो?

(ङ) हरगोविन्द खुरानाको जन्म कहिले भएको थियो?

(च) सू-ध-पा को-को हुन्?

**6.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 6

(क) ''खाएको बिख पो लाग्छ हजूर, नखाएको बिख त नलाग्न पर्ने हजूर।''

(ख) ''मानिसको पाण्डित्य अरुलाई उपदेश गर्नमा काम लाग्दछ न कि आफूलाई परिआउँदा।''

(ग) ''यस्तो पत्रिकाको हामीलाई खाँचो छैन, यसले भाषाको अधोगति पार्छ।''

**7.** कुनै **दुइ** कविताहरूका सारांश लेख : 7×2=14

(क) गोपीनारायण प्रधान-रचित 'स्वीट फल्स'

(ख) कृष्णप्रसाद ज्ञवाली-रचित 'अधिकार र कर्त्तव्य'

(ग) बालकृष्ण सम-रचित 'भानुभक्तप्रति'

(घ) लक्ष्मीप्रसाद देवकोटा-रचित 'गरीब'

**8.** संक्षेपमा उत्तर देऊ : 1×6=6

(क) सञ्चय रोग भनेको के हो?

(ख) 'कविप्रति' कवितामा कविले कोप्रति कविता रच्नु भनी आग्रह गर्छन्?

(ग) 'स्वीट फल्स' शब्दलाई नेपालीमा उल्था गर।

(घ) 'शैल' र 'शिरोपरी'-को अर्थ लेख।

(ङ) अधिकार कसरी बन्छ?

(च) असंख्य भ्वाङ परेपछि साइकिलको ट्यूबलाई कहाँ फ्याँकिन्छ?

**9.** कुनै **एउटा** उखानको अर्थ खोल : 5

(क) आज मऱ्यो भोलि ओखती।

(ख) घाँटी हेरी हाड निल्नु।

(ग) बजाउन जाने पो बज्छ मुरली।

**10.** (क) 'सकर्मक' र 'अकर्मक' क्रिया-मा के अन्तर छ? ½+½=1

(ख) उपसर्ग छुट्ट्याऊ : ½+½=1
अमूल्य ; अतिक्रमण।

(ग) सन्धि विच्छेद गर : ½+½=1
पुस्तकालय ; कवीन्द्र।

(घ) समोच्चारित शब्दका अर्थ लेख : ½+½=1
प्रसाद, प्रासाद ; गर्भ, गर्व।

(ङ) विशेषण बनाऊ : ½+½=1
नीति ; पूजा।

(च) स्त्रीलिंग बनाऊ : ½+½=1
छात्र ; अध्यापक।

(छ) उल्टो अर्थ लेख : ½+½=1
सजल ; हास्य।

(ज) एउटै शब्दमा लेख : ½+½=1
जो बेकाममा हिंडिरहन्छ।
चामल पखालिएको पानी।

(झ) "मैले मोहनलाई भनिवरिकन आएँ।" यहाँ कुन क्रिया प्रयोग भएको छ? 1

**11.** तल दिइएको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

कार्य परिश्रमले पूर्ण हुन्छ केवल मनोरथले होइन। सिंहको मुखमा मृग आफै पस्दैन। संसारमा जति पनि राम्रा-राम्रा काम भएका छन्, महान कार्य फत्ते भएका छन् ती सब लगन र उद्योगले हुन् जादुले होइन। मनको लड्डु घिउसित खानेहरू जीवनमा सधैँ हारेका छन् तर सफलताको सगरमाथामा जो जो पुगे र पुग्दैछन् ती सबै परिश्रमको बलले हो। बर्कले भनेका छन्—पानी जस्तो चञ्चलताले मानिस माथि उठ्न सक्तैन। कोही मानिस यो काम गरूँ कि त्यो काम गरूँ भन्ने दोधारमा पर्छ। एउटा विचारदेखि अर्को विचार समात्छ, हावाको प्रत्येक झट्काले उसलाई एकातिर धकेल्छ। यस्ता मानिसमा महत्त्वाकांक्षा होला तर लगन छैन। यसर्थ सफलता उसको हातबाट माछा जस्तो चिप्लेर गएको हुन्छ। टर्नरले आफ्नो सफलताको रहस्य बताएर भनेका थिए—''मसित धन थिएन, खालि मेहनत थियो।'' गुडिने ढुङ्गामा काइ जम्दैन, काममा आउने फलाममा खिया लाग्दैन। बारबार कोशिश गर्ने व्यक्ति पराजित हुँदैन।

(क) कार्य केले पूर्ण भएको छ? 1

(ख) को जीवनमा सधैं हारेका छन्? 1

(ग) सफलताको सगरमाथामा पुग्नेहरू कसरी पुगेका छन्? 1

(घ) महान कार्य कसरी फत्ते भएको छ? 1

(ङ) बर्कले के भनेका छन्? 1

(च) टर्नरले सफलताको रहस्य के बताएका थिए? 1

(छ) कुन फलाममा खिया लाग्दैन? 1

**12.** कुनै **एक** विषयमा निबन्ध लेख : 10

(क) जीवनको उद्देश्य

(ख) समयको महत्त्व

(ग) विद्यार्थी जीवन

(घ) पर्यावरण

★★★